# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तेस्रो वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**शेयरधनी महानुभावहरु,**
यस लघुवित्त वित्तीय संस्था लि. को सञ्चालक समितिको मिति २०७६ साल आश्विन ०८ गते बुधबार बसेको ६७ औं बैठकको निर्णयानुसार कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न उल्लेखित मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम जानकारी तथा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने :**
मिति : २०७६ कार्त्तिक ७ गते बिहीवार (तदनुसार २०१९ अक्टोबर २४)
समय : बिहान १० बजे
स्थान : फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, ककनी, नुवाकोट ।

**छलफलका विषयहरु:**
**क) सामान्य प्रस्तावहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आसाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७५/७६ मुनाफाबाट ०.६३१५७९ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।
४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको शर्त निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री के.जे. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।
५. नियमावलीमा व्यवस्था भए बमोजिम सर्वसाधारण समूहको तर्फबाट २ जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**
१. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पूँजी रु २०,७४,००,०००/- को १२ प्रतिशत वोनश शेयर वितरण गर्ने निर्णय गरि सो सम्बन्धमा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।
२. सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्ने ।
३. यस बित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त "घ" बर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समभ्रुदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पती तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु अनुरुप गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरि अन्तिम स्वीकृत लिई कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले ताकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।
४. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा विनियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :**
१. तेस्रो बार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि यस वित्तीय सस्थाको मिति २०७६/०६/१५ देखि २०७६/०७/०७ गतेसम्म शेयर कारोवार बन्द हुनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७६/०६/१५ गते भन्दा अघिल्लो दिन सम्म कारोबार भई प्रचलित कानुन बमोजिम नामसारीको लागि यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाडौंमा पेश गरि सक्नुपर्नेछ ।
२. तेस्रो वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ ।
३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, ककनी, नुवाकोटमा र प्रभु क्यापिटल लिमिटेड, काठमाडौंमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट www.ashamicrofinance.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।
४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।
५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि १२:०० बजे सम्म वा साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।
६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपुर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय ककनी, नुवाकोटमा दर्ता गराउनुपर्नेछ । यसरी नियुक्ती गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।
७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।
८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा रहने छैन ।
९. संचालक निर्वाचन सम्बन्धी निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतले प्रकाशन गरी संस्थाको केन्द्रीय कार्यालय तथा सम्पर्क कार्यालयमा प्रकाशित गरिने छ ।
१०. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोटमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

आशा
**आशा लघुवित्त वित्तीय संस्था लि.**
**Asha Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकवाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय :** ककनी, नुवाकोट, फोन न. ०१०-६३०००४
**सम्पर्क कार्यालय :** कमलादी, काठमाडौं,
फोन नं. :०१-४२२२९६५, ०१-४२२२८९६
E-mail: ashamicrofinance@gmail.com